# मानव अधिकार सम्बन्धी आदेश/फैसला तथा सिफारिसहरुको कार्यान्वयन अवस्था र राज्यको दायित्व

**फणीन्द्र गौतम**
**सह-सचिव**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# संवैधानिक व्यवस्था -सर्वोच्च अदालत

- <u>धारा १२६ को उपधारा (१)</u>: बमोजिम न्याय सम्बन्धी अधिकार अदालत तथा न्यायिक निकायबाट प्रयोग हुने।
- <u>धारा १२८ को उपधारा (२)</u>: संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार समेत सर्वोच्च अदालतलाई हुने।
- <u>धारा १२६ को उपधारा (२)</u>: मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा फैसलाको सबैले पालना गर्नुपर्ने।

# राष्ट्रिय मानव अधिकार आयोग

- धारा २४९ को उपधारा (१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख कर्तव्य हुने।
- सिफारिस गर्ने अधिकारः (धारा २४९ को उपधारा (२) क, ख, ग, ङ, च, छ)
  - आयोगलाई मानव अधिकारको उल्लंघनका घटना हुनबाट रोक्नका लागि विभिन्न किसिमको कारवाही गर्न तथा मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध कानून बमोजिम अदालतमा मुद्दा दायर गर्ने लगायतका विभिन्न सिफारिसहरु गर्ने अधिकार रहेको छ।

# सर्वोच्च अदालतबाट हुने आदेश/फैसला कार्यान्वयन

- मन्त्रिपरिषद्को मिति २०६७।११।१७ गतेको निर्णय बमोजिम सर्वोच्च अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन गर्न नेपाल सरकारका सबै मन्त्रालयहरुमा कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखा गठन गरिएको छ।
- सर्वोच्च अदालतबाट भएको आदेश/फैसला कार्यान्वयन अनुगमन समितिः
  - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव(कानून)- संयोजक
  - महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता – सदस्य
  - कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव -सदस्य

# सार्वजनिक सरोकारका विवादमा भएका आदेश तथा फैसलाको एकीकृत विवरण

| सि.नं. | मुद्दाको विवरण | २०७० असार सम्म | आ.व. २०७०।७१ पौष सम्म | आ.व. २०७२।७३ माघ सम्म | आ.व. २०७४।७५ पौष सम्म | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | लगत कट्टा भएका परमादेश आदेशहरु | 13 | 14 | 7 | ६ | ४० |
| २. | कार्यान्वयनको अवस्था रहेका परमादेश आदेशहरु | 61 | 3 | ७ | १७ | ८८ |
| ३. | लगत कट्टा भएका निर्देशनात्मक आदेशहरुः | 46 | 14 | 8 | १ | 69 |
| ४. | कार्यान्वयनको अवस्थामा रहेका निर्देशनात्मक आदेशहरु | 95 | 32 | 14 | २१ | 162 |
| | जम्मा आदेशहरुको संख्या | 215 | 63 | 36 | ४५ | 359 |

# कार्यान्वयन गर्न बाँकी रहेका आदेश/फैसलाको मन्त्रालयगत विवरण

| सि.नं. | मन्त्रालय | परमादेश | निर्देशनात्मक आदेश | जम्मा |
|---|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ | 6 | ८ |
| २. | अर्थ मन्त्रालय | 1 | 3 | 4 |
| ३. | आपूर्ति मन्त्रालय | ० | २ | २ |
| ४. | उद्योग मन्त्रालय | २ | 6 | ८ |
| ५. | ऊर्जा मन्त्रालय | 3 | ० | ३ |
| ६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | 3 | 15 | १8 |
| ७. | कृषि विकास मन्त्रालय | ० | 1 | १ |

# निरन्तर...

| सि.नं. | मन्त्रालय | परमादेश | निर्देशनात्मक आदेश | जम्मा |
|---|---|---|---|---|
| ८. | खानेपानी तथा सरसफाई मन्त्रालय | ० | ० | ० |
| ९. | गृह मन्त्रालय | १3 | १७ | ३० |
| १०. | जनसङ्ख्या तथा वातावरण मन्त्रालय | 3 | 3 | ६ |
| ११. | परराष्ट्र मन्त्रालय | ० | 3 | ३ |
| १२. | पशुपंक्षि विकास मन्त्रालय | ० | ० | ० |
| १३. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | 5 | 5 | १० |
| १४. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ५ | ६ | ११ |
| १५. | महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | १२ | २० | ३२ |
| १६. | युवा तथा खेलकुद मन्त्रालय | ० | ० | ० |
| १७. | रक्षा मन्त्रालय | 1 | 3 | ४ |
| १८. | वन तथा भू-संरक्षण मन्त्रालय | १ | 5 | ६ |
| १९. | वाणिज्य मन्त्रालय | 1 | २ | ३ |
| २०. | विज्ञान तथा प्रविधि मन्त्रालय | ० | 1 | १ |

| सि.नं. | मन्त्रालय | परमादेश | निर्देशनात्मक आदेश | जम्मा |
|---|---|---|---|---|
| २१. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | 6 | 4 | 10 |
| २२. | शिक्षा मन्त्रालय | 6 | 17 | 23 |
| २३. | श्रम तथा रोजगार मन्त्रालय | 1 | 2 | 3 |
| २४. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | 2 | 3 | 5 |
| २५. | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | 4 | 10 | 14 |
| २६. | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ० | ० | 0 |
| २७. | सहरी विकास मन्त्रालय | 5 | 6 | 11 |
| २८. | सामान्य प्रशासन मन्त्रालय | 7 | 6 | 13 |
| २९. | सिँचाइ मन्त्रालय | 1 | ० | 1 |
| ३०. | सूचना तथा सञ्चार मन्त्रालय | 2 | ० | 2 |
| ३१ | स्वास्थ्य मन्त्रालय | 6 | 16 | 22 |

# केही आदेशहरुको कार्यान्वयन

| सि. नं. | रि.नं. निवेदक विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | २९८० (०५४) बालकृष्ण न्यौपाने वि. नेपाल सरकार मन्त्रिपरिषद सचिवालय समेत | २०५८।४।८ गृह मन्त्रालय | विद्यमान कानूनी परीधिभित्र रही नागरिकताको प्रमाणपत्र वितरण गर्नु भन्ने परमादेश जारी । | नेपालको अन्तरिम संविधान, २०६३ मा नागरिकता सम्बन्धी नयां व्यवस्था आत्मसात गरिएको र सो अनुकूल हुने गरी नागरिकता ऐन, २०६३ एवं नियमावली, २०६३ जारी भई सो बमोजिम नागरिकताको प्रमाणपत्र वितरण हुंदै आएको । सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१२५ मिति २०६९।६।२२ को पत्रानुसार मिति २०६९।६।१७ को निर्णयानुसार लगत कट्टा भएको । |

# निरन्तर...

| | | | | |
|---|---|---|---|---|
| २. | ३१४१ (०५४) भरतमणि गौतम, हुतराम वैद्य वि. नेपाल सरकार मन्त्रिपरिषद समेत | २०५६।३।२९ | विष्णुमति नदीको प्रदुषण रोक्ने तर्फ आवश्यक कार्य गर्नु भन्ने परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको । |
| ३. | ३३४२ (०६०) चन्द्रकान्त ज्ञवाली समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद को कार्यालय समेत | २०६३।१।२४ | जेष्ठ नागरिकहरुको हक, हित संरक्षण र सम्बर्धनका लागि संसदको यसै अधिवेशनबाट कानून बनाई लागु गर्नु भन्ने परमादेश जारी । | जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ जारी भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

# निरन्तर...

| | | | | |
|---|---|---|---|---|
| ४. | ३२७५ (०६२) सोमप्रसाद लुईंटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ०६४।१०।२३ गृह मन्त्रालय, रक्षा मन्त्रालय, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय । | फौज्दारी अपराधमा गिरप्mतार भएको व्यक्तिलाई प्रमाण ऐन, २०३१ को दफा ४६ र माथि उल्लेखित विभिन्न Covenant, Declaration र Principles अनुसार पक्ष र कानून व्यवसायीको सल्लाह Confidential रुपमा हुन दिनु भनी विपक्षीहरुका नाममा परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१५६ मिति २०६९।७।१९ को पत्रबाट कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |
| ५. | ३८०२।०६२ विमल विश्वकर्मा समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालय समेत | २०६३।९।३ | जातिपातिका आधारमा गरिने छुवाछुत विरुद्धको भेदभाव अन्त्य गर्नको लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्नु भनी विपक्षी नेपाल सरकार,गृह मन्त्रालय र स्थानीय विकास मन्त्रालय समेतका नाममा परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

# निरन्तर...

| | | | | |
|---|---|---|---|---|
| ६. | ०७२४ (०६३) होमलाल श्रेष्ठ वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।७।४ | धुम्रपानजन्य पदार्थको व्यापारिक प्रवद्र्धन वा विज्ञापन हुन जाने गरी जुनसुकै स्वरुपका सांस्कृतिक, टेलिभिजन वा अन्य कुनै पनि व्यक्तिगत, सामुहिक वा संगठित गतिविधिहरु गर्न, गराउन नमिल्ने भएकोले त्यस्तो कार्य अविलम्ब रोक्नु, रोक्न लगाउनु भनी प्रत्यर्थिहरुका नाममा परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ७ | १८७ (२०६४) ज्योति लम्साल समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।४।२८ गृह मन्त्रालय | मानव अधिकारको उल्लंघनको छानवीन वा संरक्षणमा जाँदाको अवस्थामा उनीहरुले कुनै प्रकारको सुरक्षाको खतरा महसूस गरी प्रहरी समक्ष सुरक्षाका लागि सूचना गरेमा आवश्यक सुरक्षा व्यवस्था गरिदिनू भनी नेपाल सरकारका नाममा परमादेशको आदेश जारी। | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१५७ मिति २०६९।७।१९ को पत्रबाट कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |

# निरन्तर...

| | | | | |
|---|---|---|---|---|
| ८. | ३३९२ (२०५०) मीरा ढुंगाना वि. कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २०५३।४।१८ | छोरीलाई छोरा सरह अधिकार प्रदान गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यक व्यवस्था गर्नु गराउनु भन्ने निर्देशनात्मक आदेश जारी । | मुलुकी ऐन एघारौं संशोधन,२०५८, लैङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत धेरै ऐन संशोधन एवं नेपालको अन्तरिम संविधान, २०६३ जारी मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८,च.नं.४४६,मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ९. | ३४ (२०६०) सपना मल्ल प्रधान वि. मन्त्रिपरिषद् सचिवालय | २०६१।४।१४ | नेपालले अनुमोदन गरेका मानव अधिकार महासन्धि अनुकूलको नयां कानून यथोचित समयमा लागु गर्न आवश्यक व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत,फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८,च.नं.४४६,मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

# २०७१/७२ देखि २०७४/७५ पौषसम्म भएका सिफारिसहरुको कार्यान्वयन अवस्था

| क्र.सं. | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | विद्यालयमा वालबालिका विरुद्ध शारिरीक दण्ड सजायका विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न नीतिगत सिफारिस गर्ने। | सो सिफारिस कार्यान्वयन गर्न शिक्षा मन्त्रालय र महिला मन्त्रालयमा पत्राचार गरिएको। | शिक्षा मन्त्रालयबाट १४९ सूचक सहित बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप स्वीकृत भई लागु गरिएको, भयरहित सिकाई निर्देशिका, विद्यालय शान्ति क्षेत्र निर्देशिका लगायत शिक्षकहरुलाई उपयुक्त सिकाईका लागि सजाय रहित शिक्षण विषयक तालिम प्याकेजहरुको समेत व्यवस्था गरि लागु भएको अवस्थामा शिक्षा मन्त्रालय एवं शिक्षा विभागबाट जारी गरिएका ऐन, नियम, निर्देशिका, निर्देशनबारे सरोकारवालाहरुका लागि जिम्मेवारी पूर्वक चेतनामूलक कार्यक्रम बनाई लागु गर्ने भनी जिल्ला शिक्षा कार्यालयलाई शिक्षा विभागबाट पत्राचार भएको। | हाल कार्यान्वयन को स्थितिमा रहेको। |

| क्र. सं. | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| २ | व्यक्तिको स्वास्थ्य सम्बन्धी हक तथा जीवनको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा अविलम्ब पहल गरी आमनागरिकले निर्वाध रुपमा स्वास्थ्यको अधिकार उपभोग गर्ने सक्ने वातावरण सिर्जना गर्न। | यस कार्यालयको पत्र मार्फत व्यक्तिको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने सम्बन्धमा स्वास्थ्य मन्त्रालयमा पत्राचार गरिएको। | उक्त पत्रमा उल्लेखित चिकित्सक संघले २०७४ आश्विन ६ गते देखि स्वास्थ्य सेवा बन्द गर्ने गरेको निर्णय फिर्ता भई स्वास्थ्य संस्थाहरुले नियमित रुपमा स्वास्थ्य सेवा लिई रहेको। | उल्लेखित निर्देशनात्मक सिफारिस कार्यान्वयन भएको। |
| ३. | पारिश्रमिक आयकर गणना गर्दा आयकर ऐन बमोजिम पाउने अन्य कर छुट रकमहरु घटाइसके पछिको बाँकी रकम खुद आय हुन्छ भन्ने तत्कालिन अर्थ मन्त्रीले घोषणा गरे बमोजिम कर दायित्व निर्धारण गर्न गराउन सम्बन्धित सम्पूर्ण निकायमा निर्देशन जारी गर्न सम्बन्धमा विस्तृत विवरण उपलब्ध गराउन। | यस कार्यालयको पत्र मार्फत अर्थ मन्त्रालयमा पत्राचार गरिएको। | हालसम्म प्रगति विवरण प्राप्त नभएको। | कार्यान्वयन नभएको |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ४ | तत्कालीन राजा श्री ५ वीरेन्द्र तथा उहाँको नातेदारहरुको हत्या भएको घटनाको सरकारले गठन गरेको उच्चस्तरीय छानविन समितिले बुझाएको प्रतिवेदन माग गर्ने। | उक्त निर्णय कार्यान्वय गर्न गृह मन्त्रालय पत्राचार गरिएको। | | सिफारिस कार्यान्वयनको चरणमा रहेको। |
| ५ | अध्यागमन ऐन, २०४९ मा केही त्रुटीहरु देखिएको हुँदा अध्यागमन विभागलाई हिरासतमा रहेको थुनुवाहरुको संरक्षणार्थ संवेदनशील भई कार्य गर्न, हिरासत कक्षको भौतिक संरचना मानव अधिकार मैत्री ढंगले निर्माण गर्न र अध्यागमन ऐन, २०४९ मा स्वास्थ्य परीक्षण तथा हिरासत सम्बन्धी थप व्यवस्थाका लागि आवश्यक संशोधन गर्न नेपाल सरकार समक्ष नीतिगत सिफारिस गर्ने | यस कार्यालयको पत्र मार्फत गृह मन्त्रालय र त्रि.वि. अन्तराष्ट्रिय विमानस्थल अध्यागमन विभागमा पत्राचार गरिएको। | | सिफारिस कार्यान्वयन नभएको |

| क.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ६ | आत्महत्याको घटनालाई सुक्ष्म अनुसन्धान गर्न आवश्यक कानूनी व्यवस्थाको लागि नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने | नीतिगत व्यवस्था गर्न गृह मन्त्रालयलाई पत्राचार गरिएको। | | |
| ७ | सबै जिल्लाका विद्यालयहरुमा पाठ्यपुस्तकहरु उपलब्ध गराउन नेपाल सरकार मार्फत शिक्षा मन्त्रालयलाई निर्देशन दिने। | सो व्यवस्था गर्न शिक्षा मन्त्रालयमा पत्राचार गरिएको। | शिक्षा मन्त्रालयको पाठ्यपुस्तक समयमा उपलब्ध गराउन शिक्षा विभागमा पत्राचार गरेको। | आंशिक कार्यान्वयन भएको। |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ८ | मेडिकल लिगल परीक्षणका लागि सबै अस्पतालहरुमा अनिवार्य रुपमा लागु गर्न एकै खालको ढाँचा तोक्ने। | मेडिकल लिगल परीक्षणका लागि सबै अस्पतालहरुमा अनिवार्य रुपमा लागु गर्न एकै खालको ढाँचा तोक्नका लागि गृह मन्त्रालयमा पत्राचार गरिएको। | | |
| ९ | जातीय विभेद विरुद्धमा सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई समावेश गराई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी, गर्न लगाई जातीय विभेदका कारण हुन सक्ने घटनाहरुलाई निरुत्साहित गर्न घटना भई हालेमा प्रभावकारी अनुसन्धान गर्न नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने। | गृह मन्त्रालयलाई पत्राचार गरिएको। | जातीय विभेद लगायतका भेदभाव र अन्य अपमानजनक व्यवहार सम्बन्धी विस्तृत कानूनी व्यवस्था अपराध संहितामा व्यवस्था भएको। (परिच्छेद-१०) | कार्यान्वयन भएको |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १० | बाल यौन दुर्व्यवहारको प्रभावकारी अनुसन्धान गरी निरुत्साहित बनाई बालबालिकाहरुलाई विद्यालयमा भयरहित बातावरणमा पढ्न पाउने अधिकारको सुनिश्चितता गर्न आवश्यक सम्पूर्ण उपाय अवलम्बन गर्नु। | सो सिफारिस कार्यान्वयन गर्न शिक्षा मन्त्रालय र महिला मन्त्रालयमा पत्राचार गरिएको। | अपराध संहिताले अपराधिक कार्य घोषित गरेको। (दफा २२६)<br><br>कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण ऐन, २०७१ लागु भएको। | कार्यान्वयन भएको |
| ११ | बाढी प्रभावित क्षेत्रमा मानवीय सहायता पुर्‍याउने सम्बन्धमा प्राप्त सिफारिसहरु | गृह, आपूर्ति र स्वास्थ्य मन्त्रालय एवं सूचना तथा सञ्चार, सिंचाई, खानेपानी तथा सरसफाई र रक्षा मन्त्रालयमा सो सिफारिस कार्यान्वयनका लागि पठाइएको। | | सिफारिस बमोजिम कार्य भएको। |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १२ | च.नं. १८५३ मिति २०७४।०२।१७ गतेको पत्र मार्फत यातनालाई अपराधिक कार्य मान्ने गरी कानूनको व्यवस्था मिलाउन नीतिगत सिफारिस गर्ने। | यस कार्यालयको च.नं. ८६४६ मिति २०७४।३।५ गतेको पत्र मार्फत गृह र स्वास्थ्य मन्त्रालयमा उक्त सिफारिस कार्यान्वयन गर्नको लागि पत्राचार गरिएको। | हाल नेपालको अपराध संहिताको दफा १६७ मा यातनालाई अपराधिक कार्यको रुपमा परिभाषित गरी सजायको समेत व्यवस्था गरिएको | सिफारिस कार्यान्वयन भएको |
| १३ | च.नं. १८६७ मिति २०७४।२।१८ गतेको पत्र मार्फत अपाङ्गता भएका व्यक्तिको पालन पोषणको लागि नेपाल सरकारलाई सिफारिस गर्ने | च.नं. ८६४१ मिति २०७४।३।४ गतेको पत्र मार्फत महिला बालबालिका र अर्थ मन्त्रालयमा उक्त सिफारिस कार्यान्वयन गर्नको लागि पत्राचार गरिएको। | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २४ बमोजिम सामाजिक सुरक्षाको अधिकार दिइएको। | कार्यान्वयन भएको |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १४ | (१) बालबालिकाको अहितमा र्‍याली, सभा भेला, महोत्सव जस्ता क्रियाकलापमा प्रयोग निषेधको लागि नेपाल सरकारलाई सिफारिश गर्ने साथै शैक्षिक प्रयोजनका बाहेक अन्य कुनै प्रयोजनको लागि शैक्षिक संस्थाबाट लगिएमा, प्रयोग गर्न अनुमति दिएमा शख्त कारवाही गर्न शिक्षा मन्त्रालयलाई सिफारिस गर्ने र सम्पूर्ण जिल्ला शिक्षा कार्यालयलाई जानकारी गराउने।<br>(२) प्रस्तुत घटनामा वर्तमान कानूनको उदासिनता तथा लापरवाही भएको देखिँदा उद्योग वाणिज्य संघ सुर्खेत, प्याबसन सुर्खेत, होराइजन एकेडेमी सुर्खेतलाई आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन सचेत गराउने। | गृह मन्त्रालय, शिक्षा मन्त्रालय र उद्योग मन्त्रालयमा पत्राचार गरिएको। | शिक्षा मन्त्रालयबाट शिक्षा विभागमा यस विषयमा पत्राचार गरी उल्लेखित सिफारिस कार्यान्वयनको चरणमा रहेको छ। | आंशिक कार्यान्वयन भएको। |
| | | | | |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १५ | दोलखा तामाकोशी गाउँपालिकाका नागरिकको मताधिकार निर्भयतापूर्वक प्रयोग गर्न वातावरण निर्माणका लागि आवश्यक कारवाही गर्ने। | सिफारिस कार्यान्वयनको लागि पत्र पठाइएको। | उक्त गाउँपालिकामा निर्भयतापूर्वक निर्वाचन सम्पन्न भई सो सिफारिस कार्यान्वयन भइसकेको छ। | पूर्ण कार्यान्वयन भएको |
| १६ | हिराशतमा लिइने व्यक्तिको स्वास्थ्य परीक्षण र पोष्टमार्टम प्रक्रियामा समेत लापरवाही देखिएकोले स्वास्थ्य परीक्षण र पोष्टमार्टम प्रतिवेदनलाई कानून अनुरुप हुने गरी सुधार गर्न साथै स्वास्थ्य मन्त्रालय मार्फत मेडिको लिगल सम्बन्धी तालिम, भौतिक संरचनामा सुधारका लागि मिसिल संलग्न सुझाव टिप्पणी बमोजिम नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने | यस कार्यालयको पत्रमार्फत गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा कार्यान्वयनका लागि पत्राचार गरिएको | हालसम्म कुनै जानकारी प्राप्त नभएको। | कार्यान्वयन नभएको |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालयको कारवाही | कार्यान्वयन को अवस्था |
|---|---|---|---|---|
| १९ | त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जमा भूकम्पको कारणबाट मृत्यु भएका व्यक्तिहरुको मानव शरीर/मानव शरीरका अंगहरुको डि.एन.ए. परीक्षण गरी तथ्यांक तुरुन्त राख्ने, शब पूर्ण प्राप्ति हुन सक्ने गरी व्यवस्थापन गर्ने तथा वेपत्ता भएका व्यक्तिहरुको प्रभावकारी रुपमा खोजविन गर्न आवश्यक व्यवस्था गर्ने। | यस कार्यालयको च.नं. ५०६६ मिति २०७२।११।६ को पत्र मार्फत गृह मन्त्रालय पत्राचार गरिएको। | गृह मन्त्रालयले यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरी आवश्यक व्यवस्था मिलाएको। | कार्यान्वयन भइसकेको । |

# भू-कम्प र मानव अधिकार सम्बन्धमा भएको सिफारिस कार्यान्वयनको अवस्था

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| १ | प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने विपत्तिको न्युनीकरण तथा उद्धारका क्रममा पूर्व तयारी अपर्याप्त देखिएकोले आगामी दिनमा सुधार गर्न। | गृह मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने विपद्को न्युनिकरण तथा उद्धारका लागि सबै जिल्ला दैवी प्रकोप उद्धार समितले विपद् पूर्वतयारी तथा प्रतिकार्यको कार्ययोजना तयार गरिएको तथा परिमार्जन गरी कार्य गरिरहेको। केन्द्रीयस्तरमा पनि क्लष्टरहरुको वैठक नियमित रुपमा आयोजना गरी आगामी दिनमा विपद् न्युनिकरण तथआ पूर्वतयारीका लागि अझ सशक्त रुपमा काम गर्न निर्देशन गर्ने गरिएको। त्यसैगरी सेण्डाई फ्रेमवर्क अनुसार नेपालमा पनि विपद् जोखिम न्युनीकरण नीति तथआ रणनीतिक कार्ययोजना निर्माण कार्य प्रारम्भ भएको। |
| २ | भूकम्पलगायतका प्राकृतिक प्रकोपपछिको उद्धारका लागि सरकारी स्रोतसाधन अत्यन्त न्युन रहेकाले सोको पर्याप्त व्यवस्थापन गर्न। | गृह मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | जिल्ला स्थित कार्यालयहरुका सरकारी स्रोतसाधन विपद् घटना धेरै हुने समय अगावै मर्मत सम्भार गर्न/गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरु मार्फत निर्देशन दिइएको छ। |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| ३ | भूकम्पमा परी बेपत्ता भएका व्यक्तिहरुको प्रभावकारी रुपमा खोजतलास गर्न तथा प्राकृतिक प्रकोपबाट मृत्यु भई पहिचान हुन नसकेका शवहरुको व्यवस्थापन गर्दा अनिवार्य रुपमा डीएनए परीक्षण गरी तथ्याङ्क दुरुस्त राख्ने व्यवस्था गर्ने। | गृह मन्त्रालयमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | शवहरुको उचित व्यवस्थापनका लागि "विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८" कार्यान्वयनमा नै रहेको छ। |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| ४ | प्राकृतिक प्रकोपपछिको अवस्थामा मानव बेचबिखन खासगरी महिला तथा बालबालिकाको बेचबिखनको जोखिम बढेको पाइएको हुँदा त्यसको न्युनिकरण गर्ने कार्यक्रमहरुलाई प्रभावकारी बनाउन। | गृह र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | प्राकृतिक प्रकोप पछिको अवस्थामा मानव बेचविखन हुन नपाओस् भनी गृह मन्त्रालय अन्तर्गतका सबै सुरक्षा निकायहरुलाई निरन्तर रुपमा सतर्क राखे गरिएको। खास गरी सीमा नाकाहरुमा सुरक्षा निकायहरु, गैर-सरकारी संस्थाहरु र महिला तथा बालबालिका कार्यालय मार्फत निगरानी बढाउने गरिएको छ। (गृह)<br>बेचविखन तथा ओसारपसार नियन्त्रण गर्न सीमा नाकामा निगरानी थप प्रभावकारी गरिएको।<br>बालगृहमा हुन सक्ने अवाञ्छित गतिविधिहरुलाई नियन्त्रण गर्न अनुगमनलाई तिब्रता दिइएको।<br>बालबालिकाहरुलाई परिवारको खोजी गरी जिम्मा लगाइएको।उद्धार तथा राहतको कार्यक्रम सञ्चालन गरिएको। (महिला, बालबालिका तथा समाजकल्याण) |
| | | | |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| ५ | प्राकृतिक प्रकोप एवं भूकम्पबाट कसरी सुरक्षित हुने भन्ने विषयमा विद्यालय, विश्वविद्यालय एवं अन्य शैक्षिक संस्थामा व्यवहारिक शिक्षा प्रवर्द्धन गर्न। | गृह र शिक्षा मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | प्राकृतिक प्रकोप एवं भूकम्पबाट कसरी सुरक्षित हुने भन्ने विषयमा शिक्षा मन्त्रालयसँग समन्वय गरी औपचारिक/अनौपचारिक शिक्षा दिन प्रवर्द्धन गर्ने कार्यक्रम रहेको छ। भुकम्प सुरक्षा दिवस तथा सिमुलेसन र ड्रिलिङ मार्फत  जगाउने कार्य गरिरहेको तथा विद्यालयहरुमा विपद् सम्बन्धी उच्च शिक्षा अध्यापन सुरु भइसकेको छ। |
| ६ | उद्धारसम्बन्धी कार्य प्रभावकारी ढंगले गर्न दैवी प्रकोप उद्धार समितिलाई सरकारको कुनै निकाय वा विभाग अन्तर्गत नराखी छुट्टै, स्वतन्त्र, स्रोतसाधन र अधिकार सम्पन्न निकाय बनाउन। | गृह मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | दैवीप्रकोप उद्धार समिति "दैवी प्रकोप (उद्धार) ऐन, २०३९" अनुसार गठन भएको हुँदा र यी समितिहरुमा सरकारी साथै अन्य सम्बन्धित क्षेत्र प्रतिनिधित्व रहने गरेको छ। |

# राहतका सम्बन्धमा

| क.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| १ | पुनर्निर्माण कार्यमा भएको ढिलाइको कारणबाट त्रिपाल र अस्थायी टहरामा बसोबास गरिरहेका भूकम्पपीडितहरु चिसोका कारण मृत्यु समेत भएको पाइएकोले मौसम अनुकुलको राहत वितरण एवं पूर्व सावधानीका उपायहरु अवलम्बन गरी प्राकृतिक प्रकोप प्रभावितहरुको जीवन रक्षाको लागि आवश्यक व्यवस्था मिलाउन। | गृह मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | भूकम्प पीडितहरूका लगि अस्थायी आवास निर्माण र चिसोवाट वच्न न्यायो कपडा खरिदका लागि सोहि समयमा नगद/सामाग्री राहत उपलव्ध गराईएको । हाल राष्ट्रिय पननिर्माण प्राधिकरण मार्फत आवश्यक व्यवस्था भईरहेको। |
| २ | भूकम्पले पूर्ण क्षति भएका घरका परिवारलाई सरकारले वितरण गरेको अस्थायी आवास व्यवस्थापन र न्यानो कपडा वापतको रकम उल्लेख्य संख्याका पीडितहरुले प्राप्त नगरेको र प्राप्त गरेकाले पनि निकै ढिलो गरी प्राप्त गरेकाले राहत वितरण प्रणालीलाई पारदर्शी र न्यायोचित बनाउन। | गृह मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | राहत वितरण प्रणालीलाई पारदर्शी र न्यायोचित बनाउन एकद्वार प्रणाली मार्फत राहत वितरण र वितरण र व्यवस्थापन गर्न, जिल्ला दैवी प्रकोप उद्धार समिति क्रियाशिल रहेको । |

# निरन्तर

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| ३ | राहत वितरण कार्य बढी शहर र राजमार्ग केन्द्रित देखिएको एवं राजनीतिक पहुँच समेतको कारणबाट वितरण प्रणाली समानतामा आधारित नभएको पाइएकोले ग्रामीण एवं दुर्गम क्षेत्रका बासिन्दाहरुको पहुँच पुग्ने गरी सबै क्षेत्र र समुदायका भूकम्प पीडितलाई राज्यको तर्फबाट प्रदान गरिने सेवा, सुविधा र सहुलियतबाट बञ्चित नहुने गरी समान पहुँचको सुनिश्चितता गर्न। | गृह र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | उपत्यका ३ जिल्ला र भूकम्पबाट तुलनात्मक रुपमा कम प्रभावित भनिएका १७ जिल्लामा verification model बाट सर्वेक्षण गरी लाभग्राहीहरुको पहिचान गरिएको छ। साथै अनुदान वितरणको विषयमा भूकम्प पीडितलाई राज्यबाट प्रदान सेवा सुविधा र सहुलियतबाट बञ्चित गरिएको छैन। गृहबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निर्देशन दिइएको। |
| ५ | अन्तर्राष्ट्रिय समुदाय, गैरसरकारी संस्था, दातृ निकाय आदिसँगको समन्वय र सहकार्यमा एकद्वार प्रणालीमार्फत राहत वितरण एवं विपत व्वयस्थापनका कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न। | गृह मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | राहत वितरण प्रणालीलाई पारदर्शी र न्यायोचित बनाउन एकद्वार प्रणाली मार्फत राहत वितरण र वितरण र व्यवस्थापन गर्न, जिल्ला दैवी प्रकोप उद्धार समिति क्रियाशिल रहेको । |

# निरन्तर...

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| ६ | राहत वितरण गर्दा पीतितहरुको आवश्यकता पहिचान गरी उनीहरुको आवश्यकताका आधारमा वितरण गर्न तथा घरधुरीका आधारमा राहत वितरण गर्दा न्यायोचित नदेखिएकाले पारिवारिक सदस्य संख्याका आधारमा गर्ने व्यवस्था मिलाउन। | गृह र स्थानीय विकास मन्त्रालय तथा गरीबी निवारणकोष एवं पुनर्निर्माण प्राधिकरणमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | राहत वितरण प्रणालीलाई पारदर्शी र न्यायोचित बनाउन एकद्वार प्रणाली मार्फत राहत वितरण र वितरण र व्यवस्थापन गर्न, जिल्ला दैवी प्रकोप उद्धार समिति क्रियाशिल रहेको । (गृह) |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावितहरुलाई राहत वितरण गर्दा त्यस्तो विपत्तिबाट सदस्य गुमाएका परिवार, गर्भवती एवं सुत्केरी महिला, शिशु एवं बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय, दुर्गम क्षेत्रका नागरिक तथा गरीबीको रेखामुनि रहेको वर्गलाई विशेष प्राथमिकता दिने व्यवस्था मिलाउन। | गृह र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा कार्यान्चयनका लागि पत्राचार गरिएको। | भूकम्प प्रभावित जिल्लाका ८ जना जेष्ठ नागरिकलाई पुनर्स्थापना गर्ने कार्य र प्रकोपबाट प्रभावित जेष्ठ नागरिकहरुलाई प्राथमिकता दिई उद्धार भैरहेको। उद्धार तथा राहतको कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिएको। (महिला) |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| १२ | कतिपय स्थानमा भूकम्प पीडित परिचयपत्र पहुँचको आधारमा एकै परिवारका २/३ जनाले समेत लिएको र कतिपय पीडिले परिचयपत्र नै नपाएको हुँदा सोको छानवीन गरी व्यवस्थित गर्न। | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | Verification model बाट सर्वेक्षण गरी लाभग्राहीहरुको पहिचान गरिएकोले एकै परिवारका २/३ जना लाभग्राही भएको र कोही लाभग्राही नै नभएको अवस्था रहेको छैन। आवास अनुदान कार्यविधी, गुनासो सुनुवाई कार्यविधी लागु भएको अवस्था छ। यदि कुनै कुराको चित्त नबुझेमा स्थानीय स्तरमै गुनासो दर्ता गरी समाधान गर्ने व्यवस्था गरिएको छ। |

# पनर्स्थापना सम्बन्धमा

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| १ | भूकम्पपीडितहरुको पुनर्स्थापना कार्यमा ढिलाई हुँदा प्रभावितहरुको जनजीवन कष्टकर भएकाले पुनर्स्थापनाका कार्य तत्काल प्रभावकारी रुपमा सञ्चालन गर्न। | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | प्राविधिक प्रमाणिकरण सम्पन्न हुने वित्तिकै बाँकी किस्ता भुक्तानी पाउन सक्ने अवस्था रहेको छ। जीविकोपार्जनका कार्यक्रमहरु तथा वस्ती स्थानान्तरण समेत एक साथ अगाडी बढाइएको छ। |
| २ | भूकम्पपीडितसम्बन्धी तथ्याङ्क सङ्कलन कार्यलाई विखण्डित, व्यवस्थित, वास्तविक र यथार्थपरक बनाई सोको आधारमा पनर्स्थापनालगायतका कार्यमा भूकम्पबाट सदस्य गुमाएका परिवार, अनाथ बालबालिका, एकल महिला, गर्भवती एवं सुत्करी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा दुर्गम क्षेत्रका नागरिक एवं गरीबीको रेखामुनि रहेको परिवारलाई विशेष प्राथमिकता दिन। | स्थानीय विकास र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | भुकम्पबाट प्रभावित ३१ वटै जिल्लाहरुको तथ्यांक संकलन कार्य सम्पन्न गरी लाभग्राहीहरुको पहिचान गरिएको छ। संकलित सबैको व्यक्तिगत तथ्यांक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीमा एकिकृत गरी राखिएको छ। साथै गैर सरकारी संस्थाहरुलाई परिचालित गरी त्यस्ता समुदायलाई लाभ पुऱ्याउने उद्देश्यले गैरसरकारी संस्था परिचालन कार्यविधि २०७२ मा व्यवस्था गरिएको छ। |

| क.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| १ | भूकम्पपीडितहरुको पुनर्स्थापना कार्यमा ढिलाई हुँदा प्रभावितहरुको जनजीवन कष्टकर भएकाले पुनर्स्थापनाका कार्य तत्काल प्रभावकारी रुपमा सञ्चालन गर्न। | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | प्राविधिक प्रमाणिकरण सम्पन्न हुने वित्तिकै बाँकी किस्ता भुक्तानी पाउन सक्ने अवस्था रहेको छ। जीविकोपार्जनका कार्यक्रमहरु तथा वस्ती स्थानान्तरण समेत एक साथ अगाडी बढाइएको छ। |
| २ | भूकम्पपीडितसम्बन्धी तथ्याङ्क सङ्कलन कार्यलाई विखण्डित, व्यवस्थित, वास्तविक र यथार्थपरक बनाई सोको आधारमा पनर्स्थापनालगायतका कार्यमा भूकम्पबाट सदस्य गुमाएका परिवार, अनाथ बालबालिका, एकल महिला, गर्भवती एवं सुत्करी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा दुर्गम क्षेत्रका नागरिक एवं गरीबीको रेखामुनि रहेको परिवारलाई विशेष प्राथमिकता दिन। | स्थानीय विकास र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | भुकम्पबाट प्रभावित ३१ वटै जिल्लाहरुको तथ्यांक संकलन कार्य सम्पन्न गरी लाभग्राहीहरुको पहिचान गरिएको छ। संकलित सबैको व्यक्तिगत तथ्यांक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीमा एकिकृत गरी राखिएको छ। साथै गैर सरकारी संस्थाहरुलाई परिचालित गरी त्यस्ता समुदायलाई लाभ पुऱ्याउने उद्देश्यले गैरसरकारी संस्था परिचालन कार्यविधि २०७२ मा व्यवस्था गरिएको छ। |

| क.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| १ | भूकम्पपीडितहरुको पुनर्स्थापना कार्यमा ढिलाई हुँदा प्रभावितहरुको जनजीवन कष्टकर भएकाले पुनर्स्थापनाका कार्य तत्काल प्रभावकारी रुपमा सञ्चालन गर्न। | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | प्राविधिक प्रमाणिकरण सम्पन्न हुने वित्तिकै बाँकी किस्ता भुक्तानी पाउन सक्ने अवस्था रहेको छ। जीविकोपार्जनका कार्यक्रमहरु तथा वस्ती स्थानान्तरण समेत एक साथ अगाडी बढाइएको छ। |
| २ | भूकम्पपीडितसम्बन्धी तथ्याङ्क सङ्कलन कार्यलाई विखण्डित, व्यवस्थित, वास्तविक र यथार्थपरक बनाई सोको आधारमा पनर्स्थापनालगायतका कार्यमा भूकम्पबाट सदस्य गुमाएका परिवार, अनाथ बालबालिका, एकल महिला, गर्भवती एवं सुत्करी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा दुर्गम क्षेत्रका नागरिक एवं गरीबीको रेखामुनि रहेको परिवारलाई विशेष प्राथमिकता दिन। | स्थानीय विकास र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | भुकम्पबाट प्रभावित ३१ वटै जिल्लाहरुको तथ्यांक संकलन कार्य सम्पन्न गरी लाभग्राहीहरुको पहिचान गरिएको छ। संकलित सबैको व्यक्तिगत तथ्यांक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीमा एकिकृत गरी राखिएको छ। साथै गैर सरकारी संस्थाहरुलाई परिचालित गरी त्यस्ता समुदायलाई लाभ पुऱ्याउने उद्देश्यले गैरसरकारी संस्था परिचालन कार्यविधि २०७२ मा व्यवस्था गरिएको छ। |

# निरन्तर...

| सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| | भूकम्पका कारण जमिन चिरिएका स्थानका बस्ती बस्न योग्य भए-नभएको छुटयाउन प्राविधिक तथा भूगर्भविद्द्वारा निरीक्षण गराई उनीहरुको सुझावका आधारमा योजनाबद्ध रुपमा पुनर्स्थापनासम्बन्धी कार्यक्रम सञ्चालन गर्न। | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | भूकम्पबाट जोखिमयुक्त भनिएका ४७५ वटा बस्ती मध्ये ३१७ वटा बस्तीहरुको भौगर्भिक अध्ययन गर्दा ११२ वटा बस्तीहरु जोखिमयुक्त पाइएको छ। ती मध्ये ५ वटा बस्तीहरु स्थानान्तरण प्रक्रिया शुरु भइसकेको छ। |
| | जमिन चिरिएर वा पहिरो गएर विस्थापित भएकालाई उचित ठाउँमा पुनर्स्थापना गर्न तथा यसरी पुनर्स्थापना गर्दा प्रभावितहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सुनिश्चित गर्न। | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | जोखिमयुक्त बस्तीहरुको स्थानान्तरणको लागि अपनाउनु पर्ने विधि र मोडालिटी तय गर्ने कार्य भईरहेको छ। |
| | भूकम्प परी परिवार गुमाएका, घर पूर्णरुपमा क्षति भएका एवं पुनर्स्थापना गरिने व्यक्तिहरुलाई सरकारले रोजगारमूलक सीप तथा तालिम दिई रोजगारीको व्यवस्था मिलाउन। | उद्योग मन्त्रालयमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | भूकम्प प्रभावित २६ जिल्लामा ३१०० जनालाई सिकर्मी, डकर्मी, वायरिङ र प्लम्बिङ जस्ता जीविकोपार्जन सम्बन्धी तालिम प्रदान गरी १५०० जना सो व्यवसायमा संलग्न रहेको। |

# पुनर्निर्माण सम्वन्धमा

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
| --- | --- | --- | --- |
| १ | भुकम्प प्रभावितहरूको आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका समग्र मानव अधिकार संरक्षण र संवर्द्धनका लागि परर्निर्माणका क्रममा मानव अधिकारमुखी अवधारणा अवलम्वन गर्ने । | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | पुनर्निर्माणको कार्य सञ्चालन गर्दा मानव अधिकारमुखी अवधारणा अवलम्बन गरिएको छ। |
| २ | पुनर्निर्मांणका योजना तर्जुमादेखि कार्यान्वयनका सबै चरणमा भूकम्प प्रभावितहरूको समावेशिता, सहभागिता र पारदर्शिताका आधारमा योजनावद्ध रूपमा कार्य सञ्चालन गर्ने । | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | PDNA (Post Disaster Need Assessment) तयारी गर्दा स्थानीय स्तरबाटै सूचना संकलन गरिएको र PDRF (Post Disaster Recover Framework) को कार्ययोजना बनाउँदा समेत समावेशिता, सहभागिता र पारदर्शिताका मूल्य मान्यता अवलम्बन गर्नुको साथै स्थानीय योजनामा Resilient recovery का कार्यक्रम समावेश गर्न स्थानीय स्तरमा प्रशिक्षण समेत दिइएको। |

# निरन्तर...

| क.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| ३ | सरकारी कार्यालयको भवन पननिर्माण गर्दा स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत र अत्यावश्यक विषयसम्वन्धी भवनहरूलाई प्राथमिकता दिने तथा नायँ बन्ने भवनहरू अपाङ्गमैत्री हुने गरी निर्माण गर्ने योजना वनाई कार्यान्वयन गर्ने । | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | लैङ्गिकमैत्री, अपाङ्गमैत्री सार्वजनिक भवनहरु, विद्यालय डिजाइन तथा स्वीकृति दिने गरिएको। सार्वजनिक भवन निर्माण समेत भवन संहिता अनुसार seismic resilient structure अनिवार्य गरिएको। |
| ४ | मापदण्डविपरित बनेका घरहरू भूकम्पबाट बढी मात्रामा क्षतिग्रस्त भएको पाईएकोले भवन निर्माणमा वैज्ञानिक मापदण्ड बनाएर लागू गर्न तथा मापदण्डविपरित भवन निर्माण गर्ने कार्यलाई निरूत्साहित गर्न सचेतना र कानून कार्यान्वयनलाई प्रभावकारी बनाउने । | सहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | नीजि आवासलाई मापदण्ड अनुसार निर्माण गर्नका लागि १७ प्रकारका भूकम्प प्रतिरोधी घरहरुको डिजाइन तयार गरिएको। नीजि आवासहरु निरीक्षण गर्न इन्जिनियरहरु खटाइएका छन्। ती इन्जिनियरहरुले निरीक्षण गरेपछि मात्र दोस्रो र तेस्रो किस्ता अनुदान वितरण गरिने व्यवस्था रहेको छ। |

# निरन्तर...

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| ५ | भूकम्पबाट नष्ट भएका ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक सम्पदाको पुनर्निर्माण गर्दा सोको मौलिकता समेतलाई दृष्टिगत गरी समुदायको सांस्कृतिक अधिकारको सुनिश्चित गर्ने । | संस्कृति मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | पुनर्निर्माण कार्य सरोकारवाला समुदाय, गुठि तथा उपभोक्ता समितिको सहभागितामा गर्न सकिने गरी खरिद कार्यविधिमा संशोधन भएको। पुरातात्विक महत्वका सम्पदा निर्माणमा मौलिकता दर्शाउने धरोहरहरु परम्परागत सीप भएका कालिगढ र परम्परागत निर्माण सामाग्री प्रयोग गरिने व्यवस्था मिलाइएको छ। |
| ६ | सरकारी भवन भत्किएका स्थानमा नागरिकका अत्यावश्यक व्यक्तिगत कागजात (नागरिकता, जग्गाधनी, प्रमाणपूर्जा, जन्ममृत्यु एवं वैवाहिक प्रमाणपत्र जस्ता) अत्यावश्यक लिखत अद्यावधिक हुने गरी पुनर्अभिलेखन गर्ने । | गृह, भुमिसुधार र स्थानीय मन्त्रालय तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | सरकारी भवन भत्किएको कारणले नागरिकका अत्यावश्यक कागजात क्षति भएको जानकारी हालसम्म प्राधिकरणलाई प्राप्त नभएको। गृह मन्त्रालयबाट नागरिकता प्रमाण-पत्र तथा वैवाहिक प्रमाण-पत्र हराएको वा नष्ट भएको सम्वन्धमा पुनः अभिलेखन कार्य भैरहेको। भुमिसिधार मन्त्रालयबाट भूकम्पबाट भत्किएका डिल्लीबजार, रसुवा, संखुवासभा लगायतका नापी कार्यालयहरुमा नक्सा तथा श्रेस्तालाई सुरक्षित रुपमा निकाली उचित भण्डारणको प्रबन्ध मिलाइएको र भूकम्प, प्राकृतिक प्रकोप तथा द्वन्द्वबाट क्षतिग्रस्त भएका मालपोत तथा भुमिसुधार कार्यालयका श्रेस्ता पुर्जा र लगतहरुको |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्र.म.तथा म.प. कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| ७ | प्राकृतिक प्रकोप पछिको अवस्थामा प्रभवितको लागि उपलव्ध गराईने राहत, सेवा, सुविधा, सहुलियत एबं मापदण्ड समेतको बारेमा प्रभावित ब्यक्तिहरू तथा कार्यान्वयन गर्ने निकायहरू समेत अनभिज्ञ रहेको पाइएकोले सर्वसाधारणलाई सरकारले प्रदान गर्ने सेवा सुविधा बारे सुसूचित गर्न सूचना नीति तय गरी कार्यान्वयन गर्ने । | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | प्रकृतिक प्रकोप पछिको अवस्थामा प्रभावितको लागि उपलव्ध गराउने राहत, सेवा, सुविधा, सहुलियत एवं मापदण्डका सम्वन्धमा यस मन्त्रालयले "प्रकोप पीडित उद्धार र राहत सम्वन्धी मापदण्ड, २०/रु." अनुसार गर्ने गरेको । उक्त मापदण्ड समय-समयमा परिमार्जन हुँदै आएको । हालै मिति २०७३/१०/१४ मा पाँचौ संशोधन समेत भएको । विपद व्यसवस्थापन दिग्दर्शन त अन्य प्रकाशनहरू मन्त्रालयको वेभसाईड (moha.gov.np र drrportal.gov.np) मा राख्ने गरिएको । केन्द्रीय दैवी प्रकोप उद्धार समितिका निर्णयहरू समेत वेभसाईडमा राख्ने गरिएको । |
| ८ | प्रकृतिक प्रकोपमा राहत, उद्धार, पनर्निर्माण एबं पनस्र्थापनासम्वन्धी कार्यमा विद्यमान कतिपय कानून तथा नीतिहरू अपर्याप्त र अव्यवहारिक भएकोले त्यस्ता कानूनलाई संशोधन र आवश्यकता अनुसार नयाँ कानूनको निर्माण गर्ने । | गृह मन्त्रालयमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | नयाँ विपद् न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी विधेयक तर्जुमा भैरहेको। साथै सेण्डाई फ्रेमवर्क अनुसार विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना निर्माण कार्य भैरहेको । |

| क्र.सं | मानव अधिकार आयोगको सिफारिस | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कारवाही | सम्बन्धित मन्त्रालय/निकायको कारवाही |
|---|---|---|---|
| १० | पुनर्निर्माण त पनस्र्थापनाका कार्य गर्दा विपद्को अवस्थामा बस्नका लागि खालि ठाउँ बनाउने, सम्पूर्ण घरसम्म दमकल पुग्ने गरी सडकहरू फराकिलो राख्ने, हरियाली बाटोविरूवाहरू रोपेर हरित वस्तीको निर्माण गर्ने जस्ता कुराहरूलाई प्रथमिकता दिई सो अनुसार लागु गर्ने । | स्थानीय विकास र सहरी विकास मन्त्रालय तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | विपतको अवस्थामा बस्नको लागि खाली ठाँउ बनाउने, सम्पूर्ण घर सम्म दमकल पुग्ने गरी सडकहरु फराकिलो राख्न बस्ती विकास मापदण्ड, २०७२ जारी गरिएको हरियाली बोटविरुवाहरु रोपेर हरित बस्ति विकासको अवधारणालाई पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२ र प्राधिकरणका अन्य कार्यविधी तथा दस्तावेजहरुमा समावेश गरिएको छ। |
| ११ | पुनर्निर्माणसम्वन्धी कार्य गर्दा सरकारका विभिन्न निकायवीच पर्याप्त समन्वय, सम्पर्क एवं सकार्य गरी प्रभाकारी रूपमा काम गर्ने । | स्थानीय विकास र सहरी विकास मन्त्रालय तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा कार्यान्वयनका लागि पत्राचार गरिएको। | सरकारका विभिन्न निकायवीच पर्याप्त समन्वय, सम्पर्क एवं सकार्य गरी कार्यहरु अघी बढाइएको |

## संविधान घोषणा अघि र पछि विभिन्न राजनीतिक दल र समूहहरुबाट सीमांकन लगायतका विषयमा भएको आन्दोलनका सन्दर्भमा भएको सिफारिस

- यस सम्बन्धमा नेपाल सरकार र आन्दोलनरत पक्षलाई ६ वटा र नेपाल सरकारलाई ७ वटा सिफारिस गरिएकोमा यस कार्यालयबाट गृह, शिक्षा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्राचार गरिएकोमा उक्त मन्त्रालयहरुले आवश्यक व्यवस्था गरेको।
- सर्वोच्च अदालतका पूर्व न्यायाधिश श्री गीरिश चन्द्र लालज्यूको अध्यक्षतामा गठित तराई, मधेश र थरुहट आन्दोलनमाको क्रममा भएका हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्य तथ्य छानविन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगले आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन बुझाइएको।

# कार्यान्वयनको समग्र अवस्था

- मानव अधिकार सम्बन्धी धेरै फैसला तथा सिफारिसहरु कार्यान्वयन भएका छन्।
- कतिपय विषयहरु विधेयकका रुपमा संसदमा विचाराधिन हुँदा हुँदै निष्कृय भएका छन्।
- कतिपय विषयहरु कानून, नीति र कार्यक्रम निर्माणबाट कार्यान्वयनमा आउने क्रममा छन्।

# फैसला/आदेश कार्यान्वयनमा देखिएका समस्याहरु

- Progressive Realization को सिद्धान्त अनुसार क्रमशः कार्यान्वयन गर्ने सन्दर्भमा स्रोत साधनको सीमितता,
- फैसला कार्यान्वयनको लागि अपेक्षित Focus नपुगेको,
- समन्वयको कमि,
- कार्यान्वयनमा अस्पष्टता,

# फैसला/आदेश कार्यान्वयनमा देखिएका समस्याहरु

- कतिपय फैसला आदेशको सन्दर्भ नै परिवर्तन भैसकेको हुने,
- नजिरमा एकरुपता नहुने अवस्था।
- जिल्ला अदालतबाट पनि सिधै नेपाल सरकारलाई आदेश आउने अवस्थामा फैसला अन्तिम भएको मान्ने कि नमान्ने?

# धन्यवाद!